बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

एवम् नगर उप-उप्रमुख सरिता उपाध्यायज्यूद्वारा

२०७८/०३/१० गते **साताै** नगर सभामा प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७८/०७९ को

# बजेट बक्तव्य

मंगलसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मंगलसेन अछाम

सुदुरपश्चिम प्रदेश, नेपाल

यस मंगलसेन नगरपालिकाको सम्मानित सातौं नगर सभाका सभाध्यक्ष महोदय, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्षज्युहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, कर्मचारीहरु, पत्रकारज्यूहरु एवम् प्रत्यक्ष प्रशारण सुनिरहनु भएका सम्पूर्ण नगरवासी आमा, बुवा, दाजुभाई तथा दिदिबहिनीहरुमा हार्दिक नमस्कार ।

१. विश्वभर फैलिएको कोरोना भाइरस कोभिड–१९ का विभिन्न रुपहरुबाट विषम परिस्थिति सृजना भइ प्रतिकुल वातावरणमा संवैधानिक व्यवस्था एवम् स्थानिय सरकार सञ्चालन ऐन २०७४, ले गरेको कानुनी व्यवस्था अनुसार यस नगरसभामा वजेट एवम् कार्यक्रम तर्जुमा समितीको संयोजकको हैसियतले आ.व २०७८/०७९ को बजेट तथा कार्यक्रम पेश गर्दैछु ।

२. संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा जीवनको बलिदान गर्नुहुने ज्ञातअज्ञात शहिदहरुप्रती भावपुर्ण श्रद्धान्जली व्यक्त गर्दै नागरिक स्वतन्त्रताका लागी जीवन पर्यन्त संघर्ष गर्नुहुने आदरणिय अग्रज राजनीतिज्ञहरु, कुशल समाजसेवी, दुरदर्शी वुद्धिजिवी वर्ग एवं समस्त नागरिकहरुमा उच्च सम्मान व्यक्त गर्दछु ।

३. नगरपालिकाको विकास, शान्ती सुरक्षा, सुशासन एवं समृद्धिका लागि हातेमालो गर्दै अगाडी बढ्ने शुभ-चिन्तक सहयोगी, सघंसस्था, सहकारी संस्था, सामुदायिक रेडियो, पत्रपत्रिका, अनलाइन मिडिया लगायत नीजि क्षेत्रबाट नगर क्षेत्रमा सेवा प्रवाह गरी सहयोग गर्ने सम्पुर्ण व्यवसायी तथा नगरबासी आमा बुवा दाजु भाई तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

४. विकासको गतिलाई द्रुत रुपमा समुदायस्तरमा फैलाउन संघियता मार्फत स्थापित स्थानिय सरकारको महत्वपूर्ण भूमिका हुने र त्यसै अनुरुप विभिन्न गतिविधि संचालन गर्दै जनताको मर्म र भावना अनुसार

स्थानीय सरकार सञ्चालनका लागि आवश्यक ऐन नियम तर्जुमा गरी कार्यान्वयन गर्दै अगाडी बढ्ने र सामाजिक, आर्थिक भौतिक पुर्वाधार तथा वातावरणीय क्षेत्रको दिगो विकास निर्माणको आधार तयार गर्ने नीजि, सहकारी र विभिन्न संघ सस्थाहरुसंग सहकार्य गरिरहेको छ ।

५. यस नगरपालिकाको वजेट विनियोजन गर्दा नेपालको संविधान २०७२, स्थानिय सरकार सञ्चालन ऐन २०७४, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, आवधिक पन्ध्रौ योजनाको कार्यदिशा, नेपाल सरकारको आवधिक योजना,नीति तथा कार्यक्रम,सुदुरपश्चिम प्रदेश सरकारको वार्षिक योजना,नीति तथा कार्यक्रम र यस नगर सभाले पारित गरेका नीति तथा कार्यक्रम, कार्यपालिका बैठकबाट निर्धारित बजेटका प्राथमिकता, वडा समिती, विषयगत समिती, राजश्व परामर्श समिती लगायत विभिन्न विकास साझेदार, राजनैतिक दल, संघसस्था उद्योगी व्यापारी, समाजसेवी कर्मचारीहरु र विज्ञहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा दिनुभएको सुझावलाई अनुसरण गर्दै बजेट कार्यक्रम तय गरेको छु ।

**<u>आदरणीय सभाध्यक्षज्यू,</u>**

**चालु आर्थिक बर्ष २०७७।०७८ को हालसम्मको प्रमुख उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

६. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, नियमावली, कार्यविधि, मापदण्ड, मार्गदर्शन गरी जम्मा ५६ वटा कानूनहरु निर्माण भएका जसमध्ये ३९ वटा राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याईएको छ ।

७. सरल र सहज सेवा प्रवाहको लागि २०७७ साल माघ २ गतेबाट नगरपालिकाले आफ्नै आधुनिक प्रशासनिक भवनबाट सेवा प्रवाह सुचारु गरेको छ साथै वडा नं ३ र ६ को आफ्नै वडा कार्यालय भवन, वडा नं

३, ४ र ६ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण भएको, वडा नं ५, ८ र १० मा नयाँ आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भई सेवा प्रवाह सुचारु भएको र वडा नं १३ मा रहेको बाडा शहरी स्वास्थ्य क्लिनीकमा बर्थिङ्ग सेन्टर स्थापना गरी संचालनमा ल्याइएको छ ।

८. नगरपालिका भित्रै आँखाको उपचार गर्ने कार्यमा सहजता ल्याउन नेपाल नेत्र ज्योती संघ अछामलाई सहयोग गरिएको छ ।

९. नगर भित्रका ६०० जना सुत्केरी आमाहरुको स्वास्थ्य सुधारको लागि पोषण कार्यक्रम अन्तर्गत सुत्केरी कोसली कार्यक्रम संचालन गरिएको छ ।

१०. नगरपालिकाका १० वटा माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ।

११. कमलबजार नगरपालिका संचालनमा रहेको आर.टी. पि.सि.आर. परिक्षण प्रयोगशाला संचालनका लागि सहयोग गरिएको छ।

१२. नगरका जोखिममा रहेका ७० जना गर्भवती महिलाहरुको उद्धारको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ।

१३. ५१ जना विपन्न, असहाय, लोपोन्मुख जाती (राउटे) र गम्भीर प्रकृतिका बिरामीहरुलाई आर्थिक सहायता र उपचार खर्च उपलब्ध गराईएको, कैलाशखोलामा आएको बाढीका कारण प्रभावित भएका १९६ जना कृषकहरुलाई खाद्यान्न सामाग्री राहत वितरण गरिएको छ ।

१४. विभिन्न वडामा रहेका निष्कृय महिला समूहहरुलाई सकृय एवं पुर्नगठन गरि परिचालन गरिएको छ ।

१५. फरक क्षमता भएका व्यक्तिहरुलाई जिविकोपार्जनको लागि सिपमूलक तालिम प्रदान गरिएको छ ।

१६. कोभीड १९ को कारण विद्यालय बन्द भएको अवस्थामा अवरुद्ध भएको पठन पाठनमा सहजता गर्न स्थानीय रेडियोबाट बैकल्पिक शिक्षा अन्तर्गत रेडियो शिक्षा कार्यक्रम संचालन गरिएको छ ।

१७. भौतिक संरचना निर्माण अन्तर्गत ३ वटा विद्यालयमा ४ कोठे भवन र ३ वटा विद्यालयमा छात्रा शौचालय निर्माण भईरहेको छ ।

१८. सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण किशोरीहरुलाई महिनावारी व्यवस्थापनका लागि निःशुल्क स्यानीटरी प्याड वितरण गरिएको छ ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २६० जनालाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ ।

२०. मागमा आधारित कृषि कार्यक्रम अन्तर्गत नगर क्षेत्रका २४४ जना साना तथा व्यवसायिक कृषकहरुले प्लाष्टीक घर निर्माण गरेका छन् साथै २९९ जना कृषकहरुलाई हिउँदे तरकारी बिउविजन वितरण गरिएको छ ।

२१. खाद्यान्नमा आत्मनिर्भर हुने नगरको नीति अनुरुप ६७ रोपनी जग्गामा उन्नत जातको गहुँको बिउ वितरण गरिएको छ ।

२२. मंगलसेन नगरपालिकाको वडा नं १२ र १४ लाई आलु पकेट क्षेत्र र वडा नं ९ लाई धान पकेट क्षेत्रको रुपमा विकास गरिएको छ ।

२३. वडा नं ६ र ७ मा मध्यपहाडी दुग्ध प्रवर्द्धन कार्यक्रम अन्तर्गत भैसी पकेट क्षेत्र संचालन गरिएको छ ।

२४. बेरोजगार युवाहरुलाई पशुपालनमा व्यवसायिक बनाउन ७ जनालाई कुखुरा र ७ जनालाई कृषकहरुलाई बाख्रा वितरण गरिएको छ ।

२५. नगर भित्रको कृषि तथा पशु क्षेत्रको सम्पूर्ण तथ्याँक अभिलेख गर्न प्राविधिक परिचालन भई कृषि तथ्याँक संकलन कार्य अगाढी बढाईएको छ ।

२६. बाख्रापालन गरिरहेका कृषकहरुका लागि पशु प्रवर्द्धन कार्यक्रम अन्तर्गत नश्लसुधारका लागि १४ वटै वडामा उन्नत जातका बोका वितरण गरिएको छ ।

२७. कृषकहरुको आय आर्जनमा बृद्धि र रुद्राक्ष व्यवसायलाई प्रवर्द्धन गर्न रुद्राक्षका २८०० विरुवा वितरण गर्ने कार्य भैरहेको छ ।

२८. नगरक्षेत्र भित्रका सहकारीहरुको अनुगमन गरि नियमनको लागि वर्गिकरणको कार्य भईरहेको छ ।

२९. लघुउद्धम सिर्जना गर्न २ जना लघुउद्धम सहजकर्ता मार्फत वडा नम्बर ३, ४, ५ र १२ मा उद्धम विकास तालिम सञ्चालन गरिएको छ ।

३०. आन्तरिक तथा वाह्य पर्यटन पर्वर्द्धन गर्न सुरेईकोट पर्यटकिय क्षेत्र, अयारबण्ड र मगलसेन दरवार क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि भट्टे-मालिका-सुरैकोट-ठूलासैन मालिका-धुम्रलोचनी-अयारबण्ड पर्यटकीय क्षेत्र विस्तारका लागि संघीय सरकारको साझेदारीमा ठेक्काको प्रक्रिया अगाडी बढाईएको छ । उक्त पर्यटन क्षेत्रले मंगलसेन नगरको विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिईएको छ ।

३१. चित्रे-दय-डाडीमाटी-ढल्ले-ओलीगाउँ-रामारोशन पर्यटकीय मार्ग निर्माण भईरहेको र ठाटीखाँद-अयारबण्ड देखि कैलाश बहुमुखी क्याम्पस सडक, ठूलासैन-कवासेखोला सडक, तिखाडा-दय-चित्रे सडक, बाडा देखि खन्टाल्ना सडक, पिठिवान्ना बस्ती सडक, बस्ती-डाडीगडे सडकको स्तरोन्नती र निर्माण कार्य भईरहेको छ ।

३२. नगर गौरवको आयोजनाको रुपमा रहेको मंगलसेन खेलमैदान निर्माणको लागि जग्गा प्राप्ती र निर्माणको कार्य भईरहेको छ ।

३३. मंगलसेन नगरपालिका वडा नं ९ मा बिरे सुवाखेत झोलुङ्गे पुलको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

३४. नगर उज्यालो कार्यक्रम अन्तर्गत मंगलसेन बजार र ठूलासैन बजारमा सौर्य सडक बत्ती जडान गरी संचालनमा आएको छ ।

३५. नगर क्षेत्र भित्रका सडकको अभिलेखिकरण कार्य सम्पन्न गरिएको छ ।

३६. अछाम बुहुमुखी क्याम्पसमा छात्रावास र कैलाश बहुमुखी क्याम्पसको भवनको निर्माण कार्य भैरहेको छ ।

३७. मंगलसेन नगरपालिका र डिभिजन वन कार्यालयको सहजीकरणमा दरबार परिसरमा हरित पार्क निर्माणको कार्य अगाडी बढाईएको छ ।

३८. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत नगर क्षेत्रका छनौट भएका २०६ जना लाभाग्राहीहरुलाई जस्तापाता वितरणको कार्य अगाडी बढाईएको छ ।

३९. वडा नं २, ४, ५ र ६ मा व्यक्तिगत घटना दर्ता कार्य अनलाईन प्रणालीबाट संचालनमा ल्याईएको र १४ वटै वडामा व्यक्तिगत घटना दर्ता अभियान संचालन गरिएको साथै सामाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तर्गत १४ वटै वडामा सामाजिक सुरक्षा भत्ता लाभाग्राहीहरुलाई विद्युतीय सूचिकरण गरिएको र सामाजिक सुरक्षा भत्ता वितरणको कार्य पूर्ण रुपमा बैंकीङ्ग प्रणालीबाट भुक्तानीको व्यवस्था मिलाईएको छ ।

४०. योजना, राजश्व र दर्ता चलानीका कार्यहरु सफ्टवेयरबाट कार्यान्वयन गरिएको छ।

४१. न्यायिक समितिमा परेका जम्मा १३ वटा उजुरी मध्ये १० वटा फछ्यौट भई ३ वटा फछ्यौटको चरणमा रहेको छ साथै ५ जना मेलमिलाप सहजकर्तालाई सूचि दर्ता गरिएको र सचिवालय तथा ईजलास कक्षको व्यवस्थापन गरिएको छ ।

४२. बेरुजुलाई शून्यमा झार्ने नीति अनुरुप चालु आ.व. मा कायम हुन आएको कूल बेरुजु मध्ये २५.६१ प्रतिशत बेरुजु फछ्यौट गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म गत आ.व. २०७६।०७७ को यथार्थ र चालु आ.व. २०७७।०७८ को संसोधित बित्तीय प्रगति प्रतिवेदन संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

४३. गत आ.व. २०७६।०७७ को कूल आय रु. ५२ करोड ८९ लाख ५७ हजार ५ सय भएकोमा रु.४८ करोड ८३ लाख ६२ हजार ७ सय १८ (८३.१३ प्रतिशत) खर्च भएको थियो । जसमा चालु तर्फ २९ करोड ५३ लाख ९२ हजार ९६३ (८३.७९ प्रतिशत) र पूँजिगत तर्फ १९ करोड २९ लाख ६९ हजार ७५४ (८२.१६ प्रतिशत) खर्च भएको थियो ।

४४. चालु आ.व. २०७७।०७८ को हालसम्मको कूल आय रु. ५९ करोड ९ लाख ३७ हजार ३४८ अनुमान भएकोमा रु.४४ करोड ७७ लाख ३ हजार ४६५ (६९.२३ प्रतिशत) खर्च भएको थियो । जसमा चालु तर्फ ३२ करोड ९१ लाख १९ हजार २१३ (७४.९२ प्रतिशत) र पूँजिगत तर्फ ११ करोड ८५ लाख ८४ हजार २५१ (५७.१८ प्रतिशत) खर्च भएको छ ।

४५. गत आ.व. र चालु आ.व.को हालसम्मको वित्तीय प्रगति प्रतिवेदनलाई तुलना गर्दा नगरपालिकाको खर्च क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

४६. यसरी यही अनुपातमा खर्च हुदा सशर्त तर्फको वजेट रकम मध्ये आर्थिक वर्षको अन्त्यमा वांकी रहने रकम नियम अनुसार संघीय संचित कोषमा फिर्ता जाने भएकोले आगामी आर्थिक वर्षको वजेटमा अल्याको रुपमा ल्याउन सकिने अवस्था छैन र संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण र राजश्व वांडफांडबाट प्राप्त अनुदान रकम र मंगलसेन नगरपालिकाको विभिन्न शिर्षकहरुमा संकलन प्राप्त गरेको खर्च हुन वांकी रकम आगामी आर्थिक वर्षमा अल्याको रुपमा आम्दानीको रुपमा नगरपालिकाको संचित कोषमा राखिने छ । वांकी उक्त खर्च रकमबाट भएको आर्थिक र भौतिक को विस्तृत प्रगती समिक्षा पछि आगामी आर्थिक बर्षको श्रावण महिनामा गरिने छ ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक बर्ष २०७८|०७९ को बजेटका उदेश्यहरु प्रस्तुत गर्ने अनुमती चाहान्छुः–**

४७. उपलब्ध साधन स्रोत, अवसर र पर्यटन क्षेत्रको सम्भावना पहिचान र उपयोग गरी उच्चतम आर्थिक पुनरोत्थान गर्दै विकासको गतिलाइ निरन्तरता दिने,

४८. आम नगरवासीमा बजेटको अपनत्व बोध गराउने,

४९. सामाजिक विकास, आर्थिक उन्नती, पूर्वधार विकास र संस्थागत सुदृढीकरण मार्फत सभ्य समाज र आर्थिक रुपमा समृद्ध नगर निर्माण गर्ने ।

५०. नगर क्षेत्रमा व्यापारिक, व्यवसायिक, कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई व्यवस्थित गरी आर्थिक क्रियाकलाप विस्तार गर्ने ।

५१. मंगलसेन नगरपालिकाको पहिचान स्थापित हुने खालका तथा गौरवका आयोजनाहरु संचालन गर्ने ।

५२. जनसहभागिता, जवाफदेहिता, कानूनी शासन, पारदर्शीताको प्रवर्द्धन गर्दै सुशासन कायम गराउने

५३. सार्वजनिक सेवा प्रवाहलाई सरल सहज रुपमा प्रदान गरी सेवाग्राहीमैत्री वातावरण तयार गर्ने ।

**त्यसैगरी अब म आर्थिक बर्ष २०७८/०७९ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।**

५४. "**नगर विकासको आधार, कृषि,पर्यटन र पुर्वाधार**" भन्ने नारालाई सार्थकता प्रदान,

५५. कोरोना लगायत सवै किसिमका स्वास्थ्य जोखिमबाट नागरिक सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पुर्वाधार निर्माण तथा स्तरोन्नति तथा स्वास्थ्य जनशक्ति विकास,

५६. नागरिकका लागि काम र रोजगारीका अवसर, खाद्य सुरक्षा, सुरक्षित आवास, सर्वकालिन सामाजिक सुरक्षा र संरक्षण,

५७. विकासको शिघ्र प्रतिफल प्राप्त हुने र आगामि वर्ष भित्र सम्पन्न हुने अधुरा आयोजना कार्यान्वयन,

५८. संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास,

५९. गुणस्तरीय र जीवनपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभुत खानेपानि लगायतका सामाजिक, आर्थिक तथा भौतिक पुर्वाधारहरूको विकास तथा निर्माण,

६०. गुणस्तरीय तथा पहुँचयुक्त सार्वजनिक सेवा र उत्तरदायि तथा पारदर्शि शासन व्यवस्थाको सुदृढिकरण,

६१. बेरोजगार युवाहरुलाई विकास निर्माण कार्यमा संलग्न गराई रोजगारीको अवसर प्रदान गर्ने,

६२. सेवा प्रवाहलाई पूर्ण रुपमा विद्युतिय माध्यमबाट प्रवाह गर्ने,

६३. नगर क्षेत्रको आधारभूत कषि, पर्यटन र पूर्वाधार निर्माण गर्ने,

६४. फोहोरमैला व्यवस्थापन, प्रकोप न्यूनिकरण तथा वातावरण संरक्षण,

६५. व्यवसायिक कृषि, पशुपालन तथा आय आर्जनका क्रियाकलापहरुको विस्तार,

६६. संस्थागत क्षमता अभिबृद्धिका लागि जनशक्ति विकास तथा सेवा प्रवाहको लागि आधारभूत पूर्वाधार निर्माण,

६७. आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

६८. उत्पादनमूलक तथा छिटो प्रतिफल दिने योजना तथा कार्यक्रमहरु,

६९. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिबृद्धी गर्ने,

७०. सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

७१. नगरपालिकाको मापदण्ड अनुरुपको भौतिक पूर्वाधारको विकास एवं नीतिगत सुधार,

७२. नगर क्षेत्र भित्र शिक्षा, स्वास्थ्य तथा खानेपानीको स्तरोन्नती,

**सभाध्यक्ष महोदय,**

७३. **आगामी आर्थिक बर्ष २०७८।०७९ योजना तथा बजेट तर्जुमा गर्दा मैले निम्न बिषयहरुलाई आधार लिएको छु ।**

- नेपालको संविधान,२०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।
- दिगो विकासका लक्ष्यहरु ।
- संघीय र प्रदेश सरकारको वार्षिक योजना र नीति तथा कार्यक्रम ।
- संघीय मामिला तथा सामान्य मन्त्रालयकाबाट प्राप्त विभिन्न निर्देशिकाहरु ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त मार्ग निर्देशिका ।
- मंगलसेन नगरवासी र सचेत नागरिकबाट प्राप्त सुझाव र सल्लाह ।
- आ.व. २०७८।०७९ का लागि पारित गरेको नीति तथा कार्यक्रम ।
- मंगलसेन नगरक्षेत्रको भौगोलिक एवं जनसांख्यिक विशिष्टता सम्बन्धि निर्माण भएको प्रोफाइल ।

७४. **आ.व. २०७८।०७९ को यस बजेटका प्रमुख चुनौतीहरु यस प्रकार रहेका छन् ।**

- कोभीड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण ।
- सिमीत स्रोत र साधन ।
- राजश्व परिचालनमा कठिनाई ।
- वास्तविक गरिब, विपन्न, असहाय, सिमान्तकृत समुदायलाई सामाजिक संरक्षण गर्नु ।
- जनताको विकास प्रतिको अत्याधिक चाहना ।
- मदिरा विक्रि वितरण कार्यलाई व्यवस्थापन गर्नु ।
- कृषि तथा पशुजन्य वस्तुहरुको विक्रि वितरण हाटबजारलाई व्यवस्थापन गर्नु ।
- बेरोजगार र चेतनाको अभावबाट उत्पन्न दुर्व्यसनी र यसले समाजमा पारेको असरलाई न्यूनीकरण गर्नु ।

**७५. आ.व. २०७८।०७९ को यस बजेटका प्रमुख सम्भावहरु यस प्रकार रहेका छन् ।**

- राजश्वको व्यापक क्षेत्र र दायरा ।
- विकासमा उल्लेख्य जनसहभागिता ।
- आन्तरिक तथा बाह्य पर्यटन व्यवसायको सम्भावना ।
- स्वास्थ्य सेवा, शिक्षा तथा व्यापारिक तथा आवासिय केन्द्र ।
- कृषि तथा पशुपालनमा बजारीकरणको सम्भावना ।
- विकासमा जनसहभागिता र लागत साझेदारी गर्न सकिने ।

**सभाधक्ष्य महोदय**,

**अब म आगामी आर्थिक बर्ष २०७८।०७९ को मुख्य आयोजना तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

७६. आगामी आ.व. २०७८।०७९ का लागि संघीय सरकार ससर्त अनुदान तर्फ रु.२६ करोड ७० लाख, प्रदेश सरकार समपूरक अनुदान तर्फ रु. १ करोड १४ लाख ६८ हजार, बिशेष अनुदान तर्फ रु. ५० लाख र नगरपालिकाद्वारा विनियोजित २४ करोड ६९ लाख ८६ हजार र विभिन्न गैर सरकारी संस्थाहरुको प्रस्तावित बजेट रु. ५३ लाख ७० हजार ४ सय ४३ गरी कूल बजेट रु. ५३ करोड ५८ लाख २४ हजार ४ सय ४३ विनियोजन गरेको छु ।जसलाई क्षेत्रगत रुपमा निम्मानुसार विनियोजन गरिएको छ ।

**<u>सामाजिक विकास</u>**

**स्वास्थ्य तर्फ**

- कोभीड १९ लगायत महामारी नियन्त्रण, नियमित स्वास्थ्य सेवाका लागि आवश्यक औषधी उपकरण खरिद, संस्थागत क्षमता विकास, पोषण कार्यक्रम संचालन, स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन, सामुदायिक स्वास्थ्य केन्द्र र बर्थिङ्ग सेन्टर स्थापना तथा संचालन, महिला स्वयमसेविकाहरुलाई प्रोत्साहन, ग्रामीण अल्ट्रासाउण्ड, जोखिममा रहेका गर्भवती महिलाहरुको उद्धार कार्यक्रम, विद्यालय नर्सिङ्ग कार्यक्रम संचालनको लागि ससर्त तर्फ रु.४ करोड ६० लाख र नगरपालिकाबाट रु. १ करोड ५० लाख ७८ हजार गरी जम्मा रु. ६ करोड १० लाख ७८ हजार विनियोजन गरेको छु ।

**शिक्षा तर्फ**

- ससर्त कार्यक्रम तर्फ १८ करोड २२ लाख र नगरपालिकाबाट २ करोड ७० लाख ५२ हजार गरि जम्मा २० करोड ९२ लाख ५२ हजार विनियोजन गरेको छु । जसमा बालविकास स.का. र विद्यालय कर्मचारीहरुको न्यूनतम पारिश्रमिक रु.१५ हजार पुर्याउन रु.१ करोड ३८ लाख ७१ हजार विनियोजन गरेको छु । साथै स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरुको महिनावारी व्यवस्थापनको लागि निशुल्कः स्यानीटरी प्याड वितरण कार्यक्रम निरन्तरताको लागी रु. २४ लाख ८३ हजार विनियोजन गरिएको छ । नगर शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिईएको छ । नगर भित्र नगरस्तरिय तथा राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद कार्यक्रम, युवा प्रतिभा पहिचानका लागि रु.१२ लाख विनियोजन गरेको छु ।

**रोजगार तर्फ**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना संचालन गरी २८४ बेरोजगार युवाहरुलाई १०० दिन बराबरको रोजगारी प्रदान गर्न रु. १ करोड ७१ लाख विनियोजन गरिएको छ ।

**<u>महिला, बालबालिका तथा जेष्ठ नागरिक तर्फ</u>**

- ससर्त कार्यक्रम तर्फ रु. ७१ लाख र नगरपालिकाबाट १५ लाख ३५ हजार गरी जम्मा १६ लाख ३५ हजार लैङ्गिक उत्तरदायी बजेट व्यवस्था गरेको छु । जसमा लैङ्गिक हिंसा निवारण कोषका लागि आवश्यक बजेट विनियोजन गरेको छु । महिला, दलित, फरक क्षमता भएका नागरिकहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिम संचालनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ । दलित समुदायको परम्परागत सीप विकास तथा संरक्षणको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । १४ वटा वडाहरुमा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु । महिनावारी व्यवस्थापन तथा बालविवाह न्यूनीकरणका गर्न सचेतना सम्बन्धि कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

**<u>आर्थिक विकास</u>**

**<u>कृषि तथा पशु विकास तर्फ</u>**

- ससर्त कार्यक्रम तर्फ रु.९३ लाख र नगरपालिकाबाट ५० लाख गरी जम्मा रु. १ करोड ४३ लाख बजेट विनियोजन गरेको छु । जसमा वडा नं १२ र १४ मा आलु पकेट क्षेत्र तथा वडा नं ९ मा धान पकेट क्षेत्र कार्यक्रमको निरन्तरताका लागि रु.१२ लाख विनियोजन गरेको छु ।
- वडा नं ६ र ७ मा भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रम अन्तर्गत रु. ११ लाख विनियोजन गरिएको छ ।

- नगरका विभिन्न वडाहरुमा बाख्रा व्यवसाय प्रवर्द्धन गर्नका लागि पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत रु.१५ लाख विनियोजन गरिएको छ ।
- फलफूल प्रवर्द्धन कार्यक्रम अन्तर्गत नगरको सुन्तला उत्पादन हुने क्षेत्रलाई पकेट क्षेत्र घोषणा गर्न रु. १२ लाख विनियोजन गरिएको छ । रैथाने बाली प्रवर्द्धन एवं खाद्यान्न बालीको उन्नत बिउँ वितरणको लागि अनुदानका कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । हिउँदे र बर्षे तरकारी एवं खाद्यान्न बाली विस्तारका लागि बजेट विनियोजन गरिएको छ । प्लाष्टिक घर वितरण, च्याउ खेती विस्तार, मसला बालि विस्तार र कृषि रेडियो कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । व्यवसायिक कुखुरा तथा बाख्रापालन, उन्नत जातको बोका वितरण कार्यक्रम संचालनको लागि रु. १४ लाख विनियोजन गरेको छु ।

**<u>उद्योग, सहकारी र पर्यटन</u>**

- नगर क्षेत्र भित्रका भट्टेमालिका, सुरैकोट, ठूलासैन मालिका, जाजकोट, धुम्रलोचनी, अयारबण्ड, अछाम दरबार जस्ता महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको पूर्वाधार निर्माणको लागि संघीय सरकारसँग साझेदारीमा गर्न रु. ५० लाख विनियोजन गरेको छु । सहकारी एवं उद्योग प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**<u>पूर्वाधार विकास तर्फ</u>**

- नगर गौरव आयोजनाको रुपमा रहेको मंगलसेन खेलमैदानको पूर्वाधार निर्माण गर्न रु. ४० लाख विनियोजन गरिएको छ ।
- मंगलसेन नगरपालिका वडा नं ४ र ७ को प्रशासनिक भवन वडा कार्यालय निर्माण गर्न बहुबर्षीय योजनाको लागि रु.६० लाख विनियोजन गरेको छु ।

- नगर क्षेत्र भित्रका सार्वजनिक स्थानहरुमा सौर्य बत्ती जडानका लागि रु.२० विनियोजन गरेको छु । अछाम बहुमुखी क्याम्पस छात्रावास निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- मंगलसेन नगरपालिका वडा नं १२ ठाटिखाँद बजारमा गेट निर्माणको लागि रु.१० लाख बिनियोजन गरेको छु ।
- नागरिकको शान्ति सुरक्षा एवं सडक दुर्घटनालाई मध्यनजर गर्दै मंगलसेन बजारमा सिसिटिभी जडानको लागि रु. ८ लाख विनियोजन गरेको छु ।
- मंगलसेन–ओलीगाउँ–कालागाउँ सडक स्तरोन्नती गर्न समपुरक कोष अन्तर्गत रु. ७४ लाख ६५ हजार विनियोजन गरेको छु ।
- जडाधारा–सैनागाउँ–बाउरे खानेपानी निर्माण र डाडागाउँ–सिमसल्ली ग्रामीण सडक स्तरोन्नतीका लागि ४० लाख ३ हजार विनियोजन गरिएको छ ।
- मंगला ने.रा.मा.वि. को भवनको लागि रु. १० लाख विनियोजन गरेको छु ।
- अछाम अस्पताल, बयालपाटा अस्पताल, पत्रकार महासंघ अछामको भवन, नेपाल बार एशोसियसनको भवन र बादि समुदायको आवास निर्माणको रु.५/५ लाख बजेट विनियोजन गरेको छु ।

**<u>सुशासन तथा अन्तरसम्बन्धित</u>**

- विपद व्यवस्थापनको लागि रु. २० लाख विनियोजन गरिएको छ ।वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- १४ वटै वडाहरुमा इन्टरनेटको पहुँच विस्तार गरी विद्‌युतीय माध्यमबाट सेवा प्रदान गर्न रु.२० लाख विनियोजन गरिएको छ । विषयगत क्षेत्रहरुको आवधिक योजना निर्माणको लागि रु.१० लाख विनियोजन गरेको छु ।
- सूचना प्रवाह तथा संचार माध्यमहरुलाई व्यवस्थापन गर्न रु.१२ लाख विनियोजन गरिएको छ । सेवाग्राहीहरुलाई सरल र सहज रुपमा सेवा प्रवाह

गर्न सामुदायिक सूचना केन्द्र स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**सभाधक्ष्य महोदय,**

**अब म आगामी आर्थिक बर्ष २०७८।०७९ मा वडा तर्फ विनियोजित बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

| वडा नं | विनियोजित बजेट रु. |
|---|---|
| १ | ३० लाख |
| २ | १५ लाख |
| ३ | ३१ लाख ५० हजार |
| ४ | २४ लाख ८० हजार |
| ५ | २८ लाख ४५ हजार |
| ६ | २१ लाख ८० हजार |
| ७ | २२ लाख ३० हजार |
| ८ | १८ लाख ९० हजार |
| ९ | २२ लाख २० हजार |
| १० | २० लाख १० हजार |
| ११ | १८ लाख ७५ हजार |
| १२ | २९ लाख १० हजार |
| १३ | ३४ लाख ३० हजार |
| १४ | ३० लाख ८० हजार |

**गरी वडा तर्फ जम्मा रु. ३ करोड ४८ लाख विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

**अव म, आगामी आर्थिक वर्ष २०७८।०७९ मा यस नगर क्षेत्र भित्र कार्यक्रम संचालन गर्नको लागि विभिन्न संघ संस्थाहरुले प्रस्ताव गरेको कार्यक्रम र बजेट प्रस्तुत गर्न चाहन्छु ।**

- सेवक नेपालद्वारा सु–आहारा दोश्रो कार्यक्रम संचालनको लागि रु.१८ लाख ८३ हजार ५८ रुपैया विनियोजन गरिएको छ ।

- वाक नेपालद्वारा विभिन्न परियोजना संचालनका लागि १४ लाख ८४ हजार २ सय ९४ रुपैया बजेट विनियोजन गरिएको छ ।
- मालिका विकास संघ नेपालद्वारा सुशासन प्रवर्द्धन कार्यक्रम संचालनका लागि रु.२० लाख ३ हजार ९१ रुपैया बजेट विनियोजन गरिएको छ ।

७७. संविधानबाट प्राप्त अधिकार बमोजिम संघीय र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, तथा अन्य अनुदानका रुपमा प्राप्त बजेट तथा यस नगरपालिकाको राजश्व परिचालनबाट प्राप्त हुने बजेट समेतलाई समावेश गरी चालु आर्थिक वर्ष २०७८/०७९ को **आय र व्ययको** विवरण प्रस्तुत गर्दछु ।

**आय तर्फ**

| क्र.सं. | विषयगत क्षेत्र | रकम रु. हजारमा |
|---|---|---|
| १ | नगरपालिका आन्तरिक स्रोत | १ करोड ५ लाख |
| २ | संघिय सरकार वित्तीय समानिकरण अनुदान | ११ करोड ४७ लाख |
| ३ | संघिय सरकार ससर्त अनुदान | २६ करोड ७० लाख |
| ४ | संघिय सरकार राजश्व बाँडफाँड | ९ करोड ८६ लाख ५२ हजार |
| ५ | प्रदेश सरकार वित्तीय समानिकरण अनुदान | ८० लाख ८१ हजार |
| ६ | प्रदेश सरकार समपुरक अनुदान (अनुमान ) | १ करोड १४ लाख ६८ हजार |
| ७ | प्रदेश सरकार बिशेष अनुदान (अनुमान ) | ५० लाख |
| ८ | प्रदेश सरकार राजश्व बाँडफाँड | ५५ लाख ५३ हजार |
| ९ | चालु आ.ब. को अनुमानित मौज्दात अल्या. | १ करोड |
| १० | विभिन्न संघ संस्थाबाट प्राप्त हुने अनुमान | ५३ लाख ७० हजार ४ सय ४३ |
| **कुल आय** | | **५३ करोड ६३ लाख २४ हजार ४ सय ४३** |

## व्यय तर्फ

| विवरण | बजेट |
|---|---|
| गौरबका आयोजना | १ करोड २० लाख |
| समपुरक कोष | २ करोड ३४ लाख |
| ससर्त साझेदारी कार्यक्रम | १० लाख |
| दिगो विकास तथा प्रतिवद्धताका कार्यक्रमहरु | ५ लाख |
| आकस्मिक एवं अत्यावश्यकीय सार्वजनिक निर्माण | १ करोड ६१ लाख |
| वडाको सिलिङ्ग | ३ करोड ४८ लाख |
| बिषयगत शाखा तर्फ | ४ करोड ८८ लाख ९३ हजार |
| कार्यालय संचालन तथा प्रशासनिक | १० करोड १६ लाख ७२ हजार |
| अन्य क्षेत्र (पर्यटन, सहकारी, उद्योग, विपद, बैकल्पिक उर्जा, ढल व्यवस्थापन, अन्य संस्था सहयोग) | ९१ लाख ८६ हजार |
| संघीय ससर्त कार्यक्रम संचालन खर्च | २६ करोड ७० लाख |
| प्रदेश बिशेष अनुदान कार्यक्रम खर्च | ५० लाख |
| प्रदेश समपूरक अनुदान खर्च | १ करोड १४ लाख ६८ हजार |
| विभिन्न संघसंस्थाबाट संचालन हुने कार्यक्रम खर्च | ५३ लाख ७० हजार ४४३ |
| **व्यय तर्फ जम्मा – ५३ करोड ६३ लाख २४ हजार ४ सय ४३** | |

७८. प्रदेश सरकार बिशेष अनुदान अन्तर्गत रु. ५० लाख मध्ये अछाम बहुमुखी क्याम्पस छात्रावास निर्माण रु.२५ लाख, अन्नपूर्ण मा.वि. छात्रावास भवन निर्माणको लागि रु.२५ लाख बजेट विनियोजन भएको छ ।

७९. आन्तरीक स्रोत परिचालन क्रमशः बृद्धी गर्ने लक्ष्य सहित आन्तरिक आयको दायरालाई फराकिलो बनाई चालु आर्थिक वर्षको अन्तसम्ममा कुल राजश्व ९५ लाख हुने अनुमान गरिएको छ । मंगलसेन नगरपालिकालाई सहयोग गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग हुने अपेक्षा गरिएको छ । यसै गरि नगरपालिकालाई सहयोग गर्ने विकासका साझेदारहरुको खोजी गरी नगरपालिकाले आफ्नो समृद्धिको यात्रामा सहयात्री भै सहयोग गर्नेहरुको खोजी र ढोका खुल्ला गर्दै लगिनेछ ।

**<u>सभाध्यक्ष महोदय</u>,**

८०. प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने नगर प्रमुख ज्यू, विषयगत समितीका संयोजक तथा सदस्य ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यू, वडाध्यक्ष तथा सदस्य ज्यूहरु, नगर सभाका सदस्य ज्यू, प्रमुख प्रशासकीय अधिकृत लगाएत सम्पूर्ण कर्मचारी, बुद्धिजिवी, नागरिक समाज, संचारकर्मी, विकासका साझेदार सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगाएत समस्त नगरबासी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**अन्त्यमा**,

८१. **"नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार"** भन्ने हाम्रो अभियानमा सवै पक्षको रचनात्मक सुझाब, सल्लाह र सहयोगको अपेक्षा गरेको छु ।

"धन्यवाद "